प्रेस विज्ञप्ती

२०७४/११/०१

काठमाण्डौं महानगरपालिकाका प्रमुख श्री विद्यासुन्दर शाक्यले सोमबार इजरायलको तेल अभिभ स्थित पहिलो सिटी हलमा तेल अभिभ शहरका मेयर श्री रोन हुल्दाईसँग शिष्टाचार भेट गर्नुभएको छ। ३२ औं अन्तर्राष्ट्रिय मेयर सम्मेलनमा भाग लिन इजरायलमा रहनुभएका प्रमुख शाक्यले तेल अभिभका मेयरसँग दुई शहरबीच सहकार्य र साझेदारीको प्रस्ताव राख्नुभयो। साथै उहाँले तेल अभिभ शहरले उच्च प्रविधिको क्षेत्रमा गरेको प्रगतिको प्रशँशा गर्दै तेल अभिभ शहरले हरियाली र सफा शहरमा हासिल गरेको सफल अनुभव काठमाण्डौंमा आफूले शुरु गरेको Clean and Green City को अभियानका लागि उपयोगी हुने विचार राख्नभयो । सो अवसरमा तेल अभिभका मेयर श्री रोन हुल्दाईले काठमाण्डौं शहरसँग सहकार्य गर्न आफू तयार रहेको बताउनुहुँदै आधुनिक शहर निर्माणका लागि केही समय लाग्ने भएकोले विस्तारै अगाडि बढ्न मेयर शाक्यलाई सुझाव दिनुभयो। सो अवसरमा काठमाण्डौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनिराम शर्माको पनि उपस्थिति थियो ।

अन्तर्राष्ट्रिय मेयर सम्मेलनको दोश्रो दिन सोमबार विश्वका विभिन्न शहरहरुका प्रमुखहरुले इजरायलको ऐतिहासिक संग्रहालय र पहिलो रेल्वे स्टेशनको भ्रमण गर्नुका साथै जेरुसेलमको पर्यटन विभागका अधिकारीहरुसँग अन्तर्किया गर्नुभयो । साथै उहाँहरु इजरायली विदेश मन्त्रालयले आयोजना गरेको दिवा भोज र तेल अभिभका मेयरले आयोजना गर्नुभएको रात्री भोजमा सरिक हुनुभयो ।